मिति २०७५/१/२६ गते बसेको दुप्चेश्वर गाउँ कार्यपालिकाको २२ औं बैठकले गरेको निर्णयहरु

१. प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ पारित गर्ने समेतको कार्यको लागि गाउँपालिकाको विशेष सभा मिति २०७५ जेठ ३ गते बोलाउने निर्णय गरियो।

२. प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा मिति २०७५/१/६ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशन भएको बोलपत्रको सूचनामा योग्गता आवश्यक नपर्ने भनी संशोधन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा चेलीबेटी बेचबिखन रोकथाम कार्यक्रम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गाउँपालिका आफैंले सञ्चालन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा नयाँ आर्थिक वर्षको संघारमा योजना तर्जुमा गोष्ठीहरु समेत सञ्चालन हुनै लागेको परिप्रेक्ष्यमा रकमान्तरका कार्यहरुलाई पूर्णरुपमा निरुत्साहन गर्ने, अनुगमनका कार्यहरुलाई तीब्रता दिने र सभाले विनियोजन गरेको बजेटदेखि बाहेक काम गरेको भनेर भुक्तानी दावी गर्न आउने परम्परालाई कठोरताका साथ कानूनी मापदण्डमा ल्याउने निर्णय गरियो।

निर्णय प्रमाणित

कृष्णहरी पौडेल
प्रमुख प्रशासकिय अधिकृत